# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


पत्र संख्याः- २०८२ / २०८३
च.नं.:-

**पशु विकाश सेवा कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना**
**सूचना नं ३ र ४ -२०८२-२०८३ ( पशु सेवा)**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/२७**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम तपसिल बमोजिम कार्यक्रम संचालन गर्न ईच्छुक कृषक समुह/व्यवसायिक फार्म/उद्यमी/सहकारी संस्थाहरूलाई यो दोस्रो सूचना प्रकाशन भएको मितिले ७ ( सात) दिनभित्र (मिति २०८२/१२/०३ सम्म कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई अनुदान उपलब्ध गरिने छैन। विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-४९३७२१ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| सि. नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | बजेट रु | संचालन प्रकृया | कार्यक्रम लागु हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिटमार्ट सुदृढिकरण कार्यक्रम | ४ लाख | " प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ बमोजिम | भरतपुर महानगरपालिका भित्र | |
| २ | सहकार्यमा काउलिफ्टिङ मेसिन खरिद | १० लाख | भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ प्रथम संसोधन २०८० | भरतपुर महानगरपालिका भित्र | |

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः**

**सि नं १ को लागि**

१) अनुसुचि-५ बमोजिमको निवेदन ।
२) अनुसुचि-६ अनुसारको संक्षिप्त कार्ययोजना
३) निवेदकको नेपालि नागरिकताको प्रतिलिपि।
४) फर्म दर्ता नविकरण भएको प्रमाण।
५) कार्ययोजना अनुरुपको योग्यता तालिम र अनुभव जनाउने कागजात।
६) स्थायि लेखा नम्वर र करचुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि।
७) सहकारी संस्था लि.को हकमा संम्वन्धित ब्यवसाय गर्ने उदेश्य खुलेको प्रमाण पत्र।
८) निर्माण कार्यको हकमा लागत स्टिमेट र मेसिनरीको हकमा स्पेसिपिकेसनको प्रतिलिपि।
९) लाभग्रहीको कार्यसमितिका पदाधिकारीको नामावली।
१०) कृषक समुह समिति/ सहकारी संस्थाले कार्यक्रम संचालन गर्ने सम्वन्धि निर्णयको प्रतिलिपि।
११) यसै प्रकृतिको कार्यकालागि विगत २ वर्ष अनुदान नलिएको स्व घोषण।
१२) आवेदन दस्तुर १ लाख सम्म रु १००/- १ लाख देखि ५ लाख सम्म ३००/- र ५ लाख देखि माथि रु ५००/- को नगद राजस्व तिरेको सक्कल रसिद।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाय पेश गर्नुपर्ने कागजातहरूः**

**सि नं २ को लागि**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म/व्यावसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाण।
३. सहकारी संस्था लि.को अध्यक्ष वा सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

४. निजि पशु पालन गरेको फर्मको हकमा पशु बिमा गरेको प्रमाणपत्रको प्रतिलिपि
५. सम्वन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
६. व्यवशाय /जग्गा भाडामा भए वडा बाट प्रमाणित कम्तिमा ५ वर्ष सम्मको संम्झौता पत्र।
७. सहकारीको हकमा कोपोमिस प्रणालिमा विस्तृत रिपोर्ट अध्यावधिक गरेको ।
८. अन्य कागजात कार्यक्रमको मर्म तथा महानगरबाट तोकिएको कागजात तथा कार्यविधिमा तोकिए अनुसार पेश गर्नु पर्ने छ।
९. आवेदन वापत वडा कार्यालयबाट रु १००/- राजस्व तिरेको सक्कल विल।

नोटः प्रस्तावना साथ पेश गर्नुपर्ने आवेदन फारम भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाबाट प्राप्त गर्न सकिने छ र "पशुसेवा कार्यक्रम कार्यान्वयनकार्यविधि २०७९" प्रथम संसोधन २०८० अनुसार यदि संशोधन भएमा सोही अनुसार तथा प्रचलित कानुन अनुसार हुने।

.....................
तेजेन्द्र प्रसाद पौडेल
महाशाखा प्रमुख

महाशाखा प्रमुख